२१ औं बैठक

बैठक संख्या: २१।२०८२

बैठक मिति: २०८२।११।२७, समय: बिहानको८:०० बजे

स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।११।२७ गते बुधबार बिहानको ८:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उपप्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशब गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिकासदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिकासदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिकासदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिकासदस्य | |
| २० | श्री तेज नारयण यादब | प्रमुखप्र शासकीय अधिकृत | |

आमन्त्रित

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बिरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोइराला | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री मुना पोखेल | सहायक पाँचौ | |

CamScanner

बैठक संख्या: २२।२०८२-२०८३
बैठक मिति:२०८२।११।२७ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१. प्रस्ताव नं. १ः डंग्राही पोखरीको संरक्षण तथा सौन्दर्यकरण सम्बन्धमा ।

२. प्रस्ताव नं. २ः विविध।

**निर्णयहरु**

**निर्णय नं.१**

डिभिजन वन कार्यालय, सुनसरी को च.नं. १४०० मिति २०८२।११।१२ गतेको प्राप्त पत्रानुसार डिभिजन वन कार्यालय सुनसरीको पूँजीगत आ.व. २०८२।०८३ को वजेट उपशीर्षक नं. ३२९९११२५४ को स्वीकृत वार्षिक कार्यक्रम तर्फको जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) को क्रियाकलाप नं. ११.४.१७.३५७ को रामधुनी न.पा. ५ अन्तर्गत डंग्राही पोखरी संरक्षण तथा सौन्दर्यकरणका लागि उक्त स्थानमा वाकी रहेको वाल घेरावेरा गर्ने कार्य प्राविधिकको विस्तृत परियोजना प्रतिवेदन बमोजिम निर्माण कार्य अगाढी बढआउने निर्णय गरियो ।

**निर्णय नं.२(क)**

रामधुनी नगरपालिकाको सामुदायिक विद्यालयमा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि २०८२ को परिच्छेद ४ को दफा ११ बमोजिम पंचायत मा.वि. रामधुनी ३ पिप्राह मा कार्यरत विद्यालय सहयाक कर्मचारी रेखा कुमारी चौधरी लाई श्री भा.सि.मा.वि. रामधुनी १ मा सोही पदमा सरुवा गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ख)**

रामधुनी नगरपालिकाको गुद्रिबजार व्यापारी समूह द्वारा पेश निवेदन बमोजिम रामधुनी न.पा. वडा नं. १ मा रहेको गुद्रिबजारमा रहेको शौचालय व्यवस्थापन गर्नु पर्ने हुँदा प्राविधिक लागत स्टिमेट बमोजिम विपद् व्यवस्थापन शिर्षकवाट मर्मत गर्ने निर्णय गरियो।

बैठक संख्या: २२।२०८२-२०८३
बैठक मिति:२०८२।११।२७ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ग)**

रामधुनी नगरपालिका अन्तर्गत भा.सि. स्वा.चौकी मा कार्यरत ज.स्वा.नि. यसना राईको माग निवेदन बमोजिम प्रचलित कानुन बमोजिम निज निवेदक लाई मिति २०८३।०१।०१ गते देखि २०८४।०१।०१ सम्म बेतलबी असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(घ)**

रामधुनी नगरपालिका अन्तर्गत रहेको श्री पञ्चायत मा.वि., पिप्राहामा १५ वटा डेस्क—बेन्च व्यवस्थापन गर्ने तथा रामधुनी नगरपालिकाको मुख्य कार्यालय भवनमा नगर प्रमुखको सचिवालयका लागि आवश्यक फर्निचर, लेखा शाखामा हेल्प डेस्क र फाइलिङ र्याक तथा शिक्षा शाखामा र्याक निर्माण गरी उक्त निर्माण कार्यहरूको लागि सम्बन्धित विनियोजित शीर्षकवाट तथा अपुग भएमा शिक्षा तर्फको (फर्निचर) शीर्षक अन्तर्गत रहेको ठेक्का बचत रकमबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ङ)**

रामधुनी नगरपालिका वडा नं. ६ स्थित बक्लौरी अस्पताल अगाडिको कल्भर्ट प्राविधिक लागत अनुमान बमोजिम मर्मत गरी सो कार्यको खर्च मर्मत—संभार शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।